NEPAL CLEARING HOUSE

नेपाल राष्ट्र बैंकबाट "भुक्तानी प्रणाली सञ्चालक" को कार्य गर्न अनुमतिपत्रप्राप्त संस्था

# विशेष साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/१२/२६)

श्री शेयरधनी महानुभावहरू,

यस कम्पनीको सञ्चालक समितिको मिति २०८०/१२/२५ मा बसेको २४० औं बैठकको निर्णय बमोजिम यस कम्पनीको विशेष साधारण सभा देहाय बमोजिमको मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७, ८२ र ८३ अनुसार नेपाल राष्ट्र बैंकको भुक्तानी तथा फछ्र्यौट विनियमावलीको विनियम ३७ मा भएको व्यवस्थाको प्रयोजनको लागि सबै शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विशेष साधारण सभा बस्ने मिति, स्थान र समय :-**

**मिति** : २०८१ साल वैशाख महिना १३ गते बिहिबार (तदनुसार 25th April 2024, Thursday)
**स्थान** : होटल रोयल सिङ्गी, कमलादी, काठमाडौं ।
**समय** : दिउँसो १२:१५ बजे

**विशेष साधारण सभाको छलफलका विषयहरू :-**

**क. विशेष प्रस्तावहरुः**

१. नेपाल क्लियरिङ्ग हाउस लिमिटेडले नेपाल ईलेक्ट्रोनिक पेमेन्ट सिष्टम्स् लिमिटेड (प्राप्ति/लक्षित संस्था) लाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव पारित गर्ने ।

२. नेपाल क्लियरिङ्ग हाउस लिमिटेडले नेपाल ईलेक्ट्रोनिक पेमेन्ट सिष्टम्स् लिमिटेडलाई प्राप्ति गर्ने प्रयोजनको लागि सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कनकर्ता जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउण्टेन्टस्बाट प्राप्त मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report - DDAR) का आधारमा संयुक्त मर्जर प्राप्ति समितिले सिफारिस गरी दुवै संस्थाको सञ्चालक समितिले निर्णय गरे बमोजिमको शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) प्रस्ताव पारित गर्ने ।

३. नेपाल क्लियरिङ्ग हाउस लिमिटेडले नेपाल ईलेक्ट्रोनिक पेमेन्ट सिष्टम्स् लिमिटेडलाई प्राप्ति गर्ने प्रयोजनको लागि सम्पन्न भएका प्रारम्भिक समझदारीपत्र (Memorandum of Understanding) र अन्तिम सम्झौतापत्र (Agreement for Acquisition) अनुमोदन गर्ने ।

४. नेपाल क्लियरिङ्ग हाउस लिमिटेडले नेपाल ईलेक्ट्रोनिक पेमेन्ट सिष्टम्स् लिमिटेडलाई प्राप्ति गर्ने प्रयोजनको लागि सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न नियुक्त गरिएको मूल्याङ्कनकर्ता जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउण्टेन्टस्को नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने ।

५. नेपाल क्लियरिङ्ग हाउस लिमिटेडले नेपाल ईलेक्ट्रोनिक पेमेन्ट सिष्टम्स् लिमिटेडलाई प्राप्ति गर्ने प्रयोजनको लागि सम्पन्न अन्तिम सम्झौतापत्र र प्राप्ति प्रयोजनको अन्तिम स्वीकृतिका लागि प्रचलित कानून बमोजिम अपनाउनुपर्ने सम्पूर्ण प्रक्रियाहरु पुरा गरी नेपाल राष्ट्र बैंक समक्ष नेपाल क्लियरिङ्ग हाउस लिमिटेड र नेपाल ईलेक्ट्रोनिक पेमेन्ट सिष्टम्स् लिमिटेडको संयुक्त निवेदन पेश गर्ने । सो सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट कुनै सुझाव आएमा आवश्यक संशोधन/समायोजन गर्न सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अख्तियारी दिने ।

६. नेपाल क्लियरिङ्ग हाउस लिमिटेडले नेपाल ईलेक्ट्रोनिक पेमेन्ट सिष्टम्स् लिमिटेडलाई प्राप्ति कार्य गरे पश्चात् परिवर्तन हुने शेयर तथा चुक्ता पूँजी वृद्धि गर्ने र शेयर समूह स्वामित्व परिवर्तन गर्ने ।

७. नेपाल क्लियरिङ्ग हाउस लिमिटेडको प्रबन्धपत्र तथा नियमावलीका आवश्यक दफा/नियमहरुमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुको स्वीकृति लिने/अभिलेख राख्ने क्रममा भए गरेका काम कारबाही वा पूँजी संरचना वा प्रबन्धपत्र तथा नियमावली संशोधनका सम्बन्धमा नियमनकारी निकायहरुबाट कुनै संशोधन एवम् परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा आवश्यक संशोधन/समायोजन गर्न सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अख्तियारी दिने ।

**ख. विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**विशेष साधारण सभा सम्बन्धी अन्य जानकारी**

(१) शेयरधनीज्यूहरुको ठेगानामा हुलाक/कुरियरबाट पठाइने विशेष साधारण सभाको सूचना यस कम्पनीको वेभसाइट www.nchl.com.np मा पनि हेर्न सकिनेछ ।
(२) सभामा उपस्थित हुने शेयरधनीज्यूहरुले कम्पनीको प्रतिनिधित्व गर्ने आधिकारिक पत्र साथमा लिई आउनुहुन अनुरोध छ । कथम कदाचित् सो सम्भव नभए शेयरधनी प्रमाण-पत्र साथमा लिई आउनुहुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।
(३) सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीज्यूहरूले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिनको लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकर्रर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । शेयरधनीहरुको प्रोक्सी सम्बन्धी व्यवस्था कम्पनीको नियमावलीका अनुसार हुनेछ ।
(४) शेयरधनीज्यूहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन दिउँसो ११:३० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।
(५) अन्य कुनै जानकारीका लागि कम्पनीको रजिष्ट्र्ड कार्यालय, कमलादी, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

**नेपाल क्लियरिङ्ग हाउस लिमिटेड**
तेश्रो तल्ला, डि. डि. प्लाजा, कमलादी, काठमाडौं
पो.ब.नं. २१४००, फोन नं. ०१-५९७००६५
www.nchl.com.np

SIZE: 4X29